


उज्यालो बुटवलको सपनाः बुटवल र तिलोत्तमा नरपालिकाको सिमाना योगीकुटी क्षेत्रमा जडान गर्न लागिएको हाईमाक्स लाईटको पिलर ढलान कार्यको निरिक्षण गर्दै बुटवल उपमहानरपालिका नगर प्रमुख खेलराज पाण्डेय सहितका प्राविधिक टोली। बुटवल उपमहानरपालिकाले उज्यालो बुटवल बनाउने अभियान अनुसार चोक चोकमा उच्च क्षमता हाईमाक्स लाईट जडान गर्दै छ।

तस्बीरः विश्वास ढकाल /बुटवल टुडे।

# फुलबारीमा कुडुले घर



बुटवल (बुटवल टुडे), १७ फागुन- बुटवलको रमणिय पर्यटकिय स्थल मणिमुकुन्द सेन उद्यान संरक्षण समिति (फुलबारी) मा कुडुले घर निमार्ण गरिने भएको छ। पहाडी क्षेत्रको परम्परागत संस्कृति झल्काउने गरि उद्यानको पश्चिम क्षेत्रमा कुडुले घर निमार्ण गरिने भएको हो।

बिहिबार एक समारोहका बिच बुटवल उपमहानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेयले विधिवत पुजा गरि कुडुले घरको शिलान्यास गर्दै जितगढी, फुलबारी र नुवाकोटलाई एकीकृत विकासको योजना बनाएर अघि बढाएको बताए। अहिलेको प्राथमिकतामा युद्ध संग्राहलय, सेन बंशिय ग्रिष्मकालिन दरबार, जितगढीको संरक्षणलाई अगाडी बढाएको उनले बताए। बुटवलको समग्र पहिचान वडा नं १ र २ मा रहेको भन्दै यहाका पुरातत्विक महत्वका क्षेत्रलाई पुरातत्व विभागसंग समन्वय गरि निमार्णलाई अगाडी बढाउने बताए। जितगढी किनारमा तिनाउ नदीमा सन्ध्याकालिन आरती, जितगढीदेखी नुवाकोटसम्म पैतल मार्गका साथै बाटामा कुडुले घरहरू निमार्ण बन्न सके यहाको पर्यटन क्षेत्रलाई फाईदा मिल्ने उनले बताए। यसगरि फुलबारीमा अक्षरधाम निर्माण गर्ने अवधारणा अर्को महत्वपूर्ण पाटो भएको भन्दै उनले विश्वका धेरै धार्मिक पर्यटक जो मुक्तिनाथ धाम यात्रा गर्छन उनिहरूलाई यहा घुमाउन सकिने सम्भावना रहेको उनले बताए।

कार्यक्रममा उद्यानका अध्यक्ष माधव नेपालले फुलबारीलाई सौन्दर्यिकरणको कामलाई दीर्घकालिन योजनासहित अघि बढाएको बताए। फुलबारी सेन वंशिय राजाहरूको राज्य गरेको दरबारलाई स्वरूप दिने गरि पुरातत्व विभागसंग समन्वय अघि बढाएको उनले बताए। यसैगरि उत्तर पश्चिममा रिचार्ज पोखरीसंगै स्विमिङ पुल निर्माण गरि गर्मिको मौसममा पर्यटकलाई रमणिय स्थल बनाउन थालिएको उनले बताए। यसैगरि पाकापुस्तालाई लक्षित गरि फुलबारीमा सन्चोबिसन्चो केन्द्र निर्माण हुन थालेको उनले बताए। घरमा समयबिताउन कठिनाई भएका वृद्ध वृद्धाहरूलाई लक्षित गरि भुलाउने स्थलका रूपमा भजनकिर्तन र एकआपसमा सम्बाद गराउने थलो बनाउन लागेको उनले बताए। 'सबै उमेर र समुहलाई रमणिय थलो बनाउने योजना छ।'–उनले भने।

नगरपालिकाबाट १४ लाख रूपैया बजेट बिनियोजन र उद्यानबाट थप गरि १९ लाख रूपैया लागतमा पहिले एउटा घर निर्माण गरिने उद्यानका महासचिव युवराज घिमिरेले बताए।

यसैगरि फुलबारी परिसरमा रहेको ऐतिहासिक, धार्मिक शिव मन्दिर पुननिमार्ण अन्तिम चरणमा पुगेको मणिमुकुन्द सेन उद्यानका सिईओ अनन्त सिलवाल, सिइओले बताए। बिहिबार मन्दिरको औपचारिक पुजाआजा गरि गजुर प्रतिस्थापन समेत गरिएको उनले बताए।

## राष्ट्रिय लनटेनिस प्रतियोगिता

# चार जना मेन्स सिगलको अन्तिमचारमा



बुटवल (बुटवल टुडे) १७ फागुन- रूपन्देहीमा जारी दोस्रो मेयर कप तथा छैटौ राष्ट्रिय खुला लनटेनिस प्रतियोगिता २०८० को तेस्रो दिन सात विधाका सेमीफाईनल खेलहरू सम्पन्न भएका छन। देविनगरस्थित लन टेनिस कोर्टमा विहिबार भएको मेन्स सिगलमा अन्तिम चारको टुगो लागेको छ। प्रदिप खड्काले आर्यन गिरीलाई ६-३, ६-४, प्रनव मानन्धरले प्रनव खनाललाई ६-१, ३-६, ६-३, निशान श्रेष्ठले आशिष खड्कालाई ६-१, ६-४ तथा रितिक रानाले सक्षम भुषण शाहलाई ६-३, ६-३ को सेटमा पराजित गर्दै अन्तिम चारमा स्थान बनाएका हुन्।

यसैगरि मेन्स डबल्सको उपाधिका लागि सक्षम भुषण शाह र आर्यन गिरीको जोडी र आशिष खड्का र आयुषमान गुरुङको जोडी भिड्ने भएका छन। पहिलो सेमीफाईनलमा सक्षम भुषण शाह र आर्यन गिरीको जोडीले नेहालजंग थापा र प्रदिप खड्काको जोडीलाई ६-४, ६-३, दोस्रो सेमीफाईनलमा आशिष खड्का र आयुषमान गुरुङको जोडीले रितिक राना र निशान्त श्रेष्ठको जोडीलाई ६-२, ६-४ सेटमा पराजित गर्दै फाईनलमा प्रवेश गरेका हुन।

यसैगरि ३५ प्लस मेन्स सिगलमा अनिल शाहीले नबिन श्रेष्ठलाई ६-१, ६-२, सन्तोष खत्रीले सोम रानालाई ६-१, ६-१, कमल भण्डारीले राजन पौडेललाई ६-३, ६-०, सिमान्त गुरुङले सन्जय श्रेष्ठलाई ६-१, ६-३ को सेटमा जित निकाल्दै अन्तिम चारमा प्रवेश गरेका छन।

यसैगरि ३५ डबल्सको उपाधिका लागि सन्तोष खड्का र सन्जय श्रेष्ठको जोडीले सिमान्त गुरुङ र अनिल शाहीको जोडीसंग शुक्रबार उपाधि भिडन्त गर्ने छ। विहिबार भएको पहिलो सेमीफाईनल खेलमा सिमान्त गुरुङ र अनिल शाहीको जोडीले बिकास गुरुङ र पदम गुरुङको जोडीलाई ६-१, ६-१ तथा दोस्रो सेमीफाईनलमा सन्तोष खड्का र सन्जय श्रेष्ठको जोडीले राजन पौडेल र नबिन श्रेष्ठको जोडीलाई ७-६, ६-४, १०-३ को सेटमा जित निकाल्दै फाईनलमा प्रवेश गरेका हुन्।

यसैगरि ४५ प्लस मेन्स सिगलको उपाधिका लागि कलम भण्डारी र गोपी भट्टराईको बिचमा खेल हुन भएको छ। विहिबार भएको पहिलो सेमीफाईनलमा कमल भण्डारीले रोहित सुनुवारलाई ६-१, ६-० तथा गोपी भट्टराईले महादेव भण्डारीलाई ५-७, ६-३, १०-५ को सेटमा पराजित गर्दै उपाधि भिडन्त पक्का गरेका हुन।

यसैगरि ४५ डबल्समा गोपी भट्टराई र धर्मा लामिछानेले वाकओभर पाएर फाईनलमा प्रवेश गरेका छन। यसैगरि दोस्रो सेमीफाईलमा रोहित सुनुवार र जोली टार्जनको जोडीले हिमाल श्रेष्ठ र सुर्दशन भण्डारीको जोडीलाई ६-३, ६-३ को सेटमा पराजित गर्दै फाईनलमा प्रवेश गरेका छन।

यसैगरि ५५ मेन्स सिगलको उपाधिका लागि चन्द्र शाही र राजु श्रेष्ठ भिड्ने भएका छन। विहिबार भएको पहिलो सेमीफाईनलमा चन्द्र शाहीले बिमल गुरुङलाई ६-२, ७-५ र दोस्रो सेमीफाईनलमा राजु श्रेष्ठले बिष्णु हमाललाई ६-०, ६-१ को सेटमा जित निकाल्दै उपाधि भिडन्त पक्का गरेका हुन्।

यसैगरि ५५ डबल्सको उपाधिका लागि बिमल गुरुङ र हिमाल श्रेष्ठको जोडीले लोक गुरुङ र धर्म लामिछानेको जोडी बिच फाईनल खेल हुने भएको छ। बिहिबार भएको पहिलो सेमीफाईनलमा बिमल गुरुङ र हिमाल श्रेष्ठको जोडीले सुर्दशन भण्डारी र शिव सेढाईको जोडीलाई ७-६, ६-३, १०-७ तथा दोस्रो खेलमा लोक गुरुङ र धर्म लामिछानेको जोडीले चन्द्र शाही र जोली टार्जनको जोडीलाई ६-१, ६-१ को सेटमा पराजित गर्दै फाईनल भिडन्त पक्का गरेका हुन्।

यसैगरि ६५ प्लस सिगलको उपाधिका लागि मनोज राणा र ध्रुव गुरुङ बिच खेल हुने भएको छ। फाईनल खेल शुक्रबार हुने टुर्नामेन्ट सुपरभाइजर कृष्णराज घलेले बताए। फागुन १५ देखि शुरु भएको प्रतियोगितामा ११ विधामा एक सय खेलाडीहरूले प्रतिस्पर्धा गरेको संघका सचिव सबर मियाले बताए।

# 'व्यवसाय चलायमान बनाउन सुझाव'




बुटवल (बुटवल टुडे) १७ फागुन। रूपन्देहीको ब्यापार व्यवसाय चलायमान बनाउन उद्योग ब्यापार संघ बुटवलले विभिन्न पेशागत र वस्तुगत व्यवसायिक संघसंस्थासंग सुझाव संकलन र अन्तरक्रिया गरेको छ।

कार्यक्रममा बोल्दै नेपाल उद्योग ब्यापार महासंघका केन्द्रीय महासचिव खिमनारायण पराजुलीले विगतका सरकारले स्वाधीन र आत्मनिर्भर अर्थतन्त्र तथा ब्यापार विविधिकरणमा ध्यान नदिंदा मुलुक परनिर्भरता र ब्यापार घाटाले थिलोथिलो भएको बताए। उनले व्यवसायीको कारोबारको फूल अडिटको नाममा राजस्वका कर्मचारीलाई कमाई खाने भांडो भएकाले यसलाई नियन्त्रण गरिनुपर्ने बताए। संघका सल्लाहकार ज्योति भण्डारीले प्रदेश राजधानी सरेको लगायत कारणले रूपन्देहीको ब्यापार व्यवसाय धरापमा परेको र अब व्यवसाय चलायमान बनाउन सरकारको मात्र मुख नताकी व्यवसायी एकजुट भएर लाग्नुपर्ने बताए।

महासंघका केन्द्रीय सदस्य पुष्पराज ढकालले केन्द्रमा बस्ने ठूला व्यवसायीले साना मझौला व्यवसायीको पक्षमा नीति र ऐन कानून बन्न नदिने परिपाटी रोक्न लाग्नुपर्ने सुझाव दिए।

उद्योग ब्यापार संघ बुटवलका अध्यक्ष विष्णुप्रसाद पाण्डेले रूपन्देहीका विभिन्नथरिका पेशागत र वस्तुगत ब्यापार व्यवसायमा देखिएका नीतिगत समस्याको पहिचान र व्यवसाय चलायमान बनाउने उपायको खोजी गरी महासंघलाई सुझाव दिन अन्तरक्रिया गरिएको बताए।

अन्तरक्रियामा होटेल तथा रेष्टुरेन्ट व्यवसायी संघका अध्यक्ष लेखनाथ भण्डारीले रात्रीकालीन व्यवसाय सञ्चालन गर्न सके व्यवसायमा सुधार आउने बताए। घर बहाल सरोकार संघका अध्यक्ष राजु लिगल, ब्यापार संघ कपिलवस्तुका अध्यक्ष खिमानन्द पौडेल, मासु व्यवसायी संघका सचिव विशाल थापा,बुटवल अटो इन्जिनियरिङ एशोसिएसनका अध्यक्ष तुल्सीराम न्यौपाने,ग्रील तथा स्टिल व्यवसायी संघ रूपन्देहीका अध्यक्ष बुद्धिप्रसाद गुरुङ, मुद्रण उद्योग संघका अध्यक्ष पशुपति पौडेल, हाटबजार व्यवसायी संघका अध्यक्ष मनिराम पोखरेल, विद्युत व्यवसायी संघका अध्यक्ष लोकनाथ पोखरेल, व्यवसायी तुल्सी भण्डारी, ढुवानी व्यवसायी कमलराज ढुंगाना लगायत बोलेका थिए।

# फोहरको दीर्घकालीन समस्या समाधानको माग सहित नगर प्रमुख लाई ज्ञापन



बुटवल (बुटवल टुडे) १७ फागुन- रूपन्देहीको मजुवा क्षेत्रका स्थानीयहरूले संघर्षसमिति बनाएर बुटवलका नगर प्रमुख खेलराज पाण्डेयलाई ज्ञापन पत्र बुझाएका छन्। मजुवा क्षेत्रमा नगरपालिकाले गर्दै आएको फोहर मैला व्यवस्थापनले दीर्घकालीन रूपमा रोग लाग्ने, तत्काल गर्मीको मौसमा फोहर मैला दुगन्ध फैलिएर असर परेको भन्दै यसको दीर्घकालिन समस्या समाधानको माग गर्दै स्थानीय संघर्ष समितिले ज्ञपान पत्र बुझाएको हो।ज्ञापन पत्रमा प्रस्तुत विषयमा यस नगरले नगरकै केन्द्रमा घनाआवादी रहेको क्षेत्र सिरानगाउँ मजुवामा बिगत केही बर्षदेखि फोहोर व्यवस्थापन गर्दै आएको र फोहोरका कारण मजुवा क्षेत्र विषाक्त बन्दै गएको बताइएको छ।

मजुवाको बस्ती क्षेत्रमा फोहोर फाल्ने काम गलत छ भनी साङ्केतिक बिरोध गरेका जनाउँदै आएको कुरा उल्लेख गर्दै प्रभावित क्षेत्रका जनताको निशुल्क स्वास्थ्य परीक्षण गरिरहने, फोहोर बोकेका गाडी हिड्ने बाटो पिच गर्ने, प्रभावित क्षेत्रमा रहेको सूर्योदय प्राविको भौतिक निर्माणमा सहयोग गर्ने तथा मजुवा क्षेत्रमा व्यवस्थापन गर्दै आएको फोहोर अन्यत्र व्यवस्थापन गर्ने जस्ता विषयमा हामीलाई लिखित तथा मौखिक वाचाहरू गरी सहमति गरिएको भएको भएपनि अहिले आएर कार्यान्वन नभएको जनाइएको छ। नदी, तालतलाउ, पार्क, सार्वजनिक स्थल आदि क्षेत्रलाई सफासुग्घर राख्ने तथा फोहोरलाई मोहोरमा परिणत गरेर आर्थिक उन्नति गर्ने होडबाजी चलिरहेको बेला हामी भने नगरकै एकमात्र नदी तिनाउको किनारमा फोहोर डम्पिङ गरिरहेका उल्लेख छ।


## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

नर बहादुर आलेको छोरा मगन देवी आले भन्ने मगन देवीको श्रीमान लुम्बिनी प्रदेश रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं. ०८ बस्ने तील बहादुर आलेले यस भैरहवा शाखामा खाता नं. १८७१५२४०३००९५५ संचालन गर्दै आउनु भएकोमा मिति २०८०।०४।११ मा निज खातावाला तील बहादुर आलेको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने मगन देवी आले भन्ने मगन देवीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा** १११ बमोजिम निज मृतक तील बहादुर आलेको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको भैरहवा शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.

**भैरहवा शाखा, रुपन्देही**
**फोन नम्बरः ०७१-५७४४७१**
**फ्याक्सः ०७१-५७३४७१**



## PALHINANDAN RURAL MUNICIPALITY
## OFFICE OF MUNICIPAL EXECUTIVE

**Kushma, Nawalparasi (Ba. Su. P), Lumbini Province, Neapal**

## Invitation for Bids - (E-bidding only)

**Date: 1st March, 2024 A.D (18th Falgun, 2080B.S)**

**Palhinandan Rural Municipality, Office of Municipal Executive, Kushma,** Nawalparasi now invites E-bidding only from eligible and qualified bidders for the Procurementof the following Projects.

| S. N | Contract ID: | Name of Project | Estimated Amount Exclusive VAT & PS | Bid Doc Price | Bid Security Amount, NRs. | Date | Last date of Bid Submission and Opening | Bid/Bid Security validity period |
|---|---|---|---|---|---|---|---|---|
| 1 | PNRM/NCB/ WORKS/03/080/081 | Janta Ma Bi Loharauli Adhuro Prabidhik Sikchalaya Nirman, Palhinandan-04,Nawalparasi(B-S-W) | 98,34,137.84 | 3,000.00 | 3,36,000.00 | Second Notice Re-Bid | 2080-12-04 (17th March 2024) 12:00 pm & 13:00 pm | 90/120 Days |
| 2 | PNRM/SQ/ MAT/04/080/081 | Turiya Khola Bata Nadi Janya Padartha Nikasi IEE Anusarko Bihinan Isthan Bata,Palhinandan-06, Nawalparasi (B-S-W) | 1,21,222.08 | 1,000.00 | 3,600.00 | First Notice | 2080-12-04 (17th March 2024) 12:00 pm & 13:00 pm | 90/120 Days |
| 3 | PNRM/SQ/ MAT/05/080/081 | Jarahi Khola Bata Nadi Janya Padartha Nikasi IEE Anusarko Bibhinan Isthan Bata,Palhinandan-1, 2, 3, Nawalparasi (B-S-W) | 11,33,052.48 | 1,000.00 | 33,000.00 | First Notice | 2080-12-04 (17th March 2024) 12:00pm & 13:00pm | 90/120 Days |
| 4 | PNRM/NCB/ WORKS/06/080/081 | Ujjani Dekhi Chamantola Samma Jodane Sadak Istarunatti, Palhinandan-04, Nawalparasi (B-S-W) | 34,60,500.03 | 3,000.00 | 1,18,000.00 | First Notice | 2080-12-18 (31th March 2024) 12:00 pm& 13:00 pm | 90/120 Days |

| **Information for depositing the cost of bidding document** | **Information for depositing the cost of Bid Security:** |
|---|---|
| Name of the Bank: **Nepal Bank Limited (Antarik Rajaswo Khata)** | Name of the Bank: **Nepal Bank Limited (Dharauti Account)** |
| Office A/C No. : 24803000001001000001 | Office A/C No: 24803000003000000001 |
| Bank Address : Palhinandan-03, Belashpur | Bank Address : Palhinandan-03, Belashpur |

| **Deadline of bid Submission** | **Date and Time of bid opening** |
|---|---|
| **2080-12-04 (17th March 2024) 12:00pm** | **2080-12-04 (17th March 2024)13:00pm** |

- Eligible Bidders may obtain further information and inspect the Bidding Doucments at the office of Palhinandan Rural Municipality, Kushma, Nawalparasi, Website:www.palhinandanrulmun.gov.n,PMMO Website ;www.bolpatra.gov.np/egp.

**Palhinandan Rural Municipality, Office of Municipal Executive** reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning any reason, whatsoever.

**Chief administrative Officer**